आज मिति २०७६ साल भदौ महिनाको २६ गते बिहिबार दिनको ७.३० बजे मिथिला नगरपालिकाका प्रमुख श्री हरिनारायण महतो ज्यूको अध्यक्षतामा निम्न अनुसार उप-प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रही तपसिल अनुसारको प्रस्तावहरुमा छलफल भई तपसिल अनुसारका निर्णय गरियो ।

| सि.न | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | हरि नारायण महतो | |
| २ | उप प्रमुख | तारा कुमारी बस्नेत | |
| ३ | वडा अध्यक्ष (१) | लक्ष्मी महतो | |
| ४ | वडा अध्यक्ष (२) | विहारी महतो | |
| ५ | वडा अध्यक्ष (३) | राम एकवाल महतो | |
| ६ | वडा अध्यक्ष (४) | विष्णुहरि खदाल | |
| ७ | वडा अध्यक्ष (५) | श्यामबाबु यादव | |
| ८ | वडा अध्यक्ष (६) | भक्त वहादुर बलम्पाकी | |
| ९ | वडा अध्यक्ष (७) | युबराज उप्रती | |
| १० | वडा अध्यक्ष (८) | देवनारायण महतो | |
| ११ | वडा अध्यक्ष (९) | दिपकजंग थापा | |
| १२ | वडा अध्यक्ष (१०) | सविन विक्रम थापा | |
| १३ | वडा अध्यक्ष (११) | वेद वहादुर कार्की | |
| १४ | कार्यपालिका सदस्य | जहरी देवी महतो | जहरी |
| १५ | ,, ,, | ठेट कुमारी दहाल | |
| १६ | ,, ,, | रेणु हेन्जन | |
| १७ | ,, ,, | सीता भित्रीकोटी | सीता |
| १८ | ,, ,, | अनिता परियार | अनिता |
| १९ | ,, ,, | राजदेव ठाकुर | |
| २० | ,, ,, | गुलाब ठाकुर | |
| २१ | ,, ,, | देवी वहादुर तोलांगे | |
| २२ | नि.प्रमुख प्रशासकीय अधिकृत( सचिव) | केशव कुमार अधिकारी | |
| | **सहयोगी कर्मचारीहरु** | | |
| १ | आन्नद कुमार अधिकारी | सहायक पाँचौ (ना.सु.) | |
| २ | शिव शंकर प्रसाद सिंह | सहायक पाँचौ (ना.सु.) | |
| ३ | सुरेन्द्र कुमार सिंह | सहायक चौथो (स्टोर) | |

६१.

# मिथिला नगरपालीका ,नगर कार्यपालीकाको बैठकको

## प्रस्ताव तथा निर्णयहरु

## मिति २०७६।०५। २६

### बैठकका प्रस्तावहरु

प्रस्ताव नं. १ :- वालुवा, गिट्टी, ढुंगा रोडा र ग्राभेलको उत्खनन्, संकलन र विक्री कर संकलन सम्बन्धमा

प्रस्ताव नं. २ :- "बहुक्षेत्रीय पोषण कार्यक्रम" अन्तर्गत का कार्यक्रमहरु संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ३:- कार्यपालिका का निर्णयहरु जानकारी सम्बन्धमा ।

प्रस्ताव नं. ४:- मेयर कप फूटवल प्रतियोगिता सम्बन्धमा ।

प्रस्ताव नं. ५:- वालुवा, गिट्टी, ढुंगा रोडा र ग्राभेलको कर संकलन सम्बन्धमा ।

### बैठकका निर्णयहरु

निर्णय नं १ :-

यस मिथिला न.पा. मा रहेका तपसिल अनुसारका नदी, खोलाबाट आ.व.०७६/०७७ का लागि वालुवा, गिट्टी ढुंगा रोडा र ग्राभेलको उत्खनन् गरी विक्री कर (रु ३.७५/- प्रति घ.फी.का दरले) संकलन का लागि ठेक्का वन्दोवर्स्त प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

| ठेक्का नं. | उत्खन्न गर्ने नदीहरुको नाम | उठाउन पाउने परिमाण (घनफिट अंकमा) | न्युनतम ठेक्का रकम रु |
|---|---|---|---|
| १।२०७६।०७७ | रातु नदी | १२,०४,५४३ | २,६२,२४,४८१।२५ अक्षरेपी रु दुई करोड बैसठी लाख चौबीस हजार चार सय एकासी पैसा पच्चीस मात्र । |
| | जलाद नदी | १२,७९,४७८ | |
| | औरही नदी | १४,९४,८८४ | |
| | जग्धर नदी | ६,६२,६६४ | |
| | वसही नदी | १३,४७,३७४ | |
| | वडहरी नदी | १०,०४,२५२ | |
| | जम्मा | ६९,९३,१९५ | |

**निर्णय नं २** :- प्रस्ताव नं. २ माथि छलफल गर्दा यस मिथिला नगरपालिका को ११ वटै वडालाई समेटने गरि यस आ.व.०७६/०७७ मा तपशिल अनुसारको बजेट परिधि भित्र रहि तपशिल अनुसारका कार्यक्रमहरु संचालन गर्ने गराउने सर्वसम्मती बाट निर्णय गरियो ।

तपशिल

| मिथिला नगरपालिका २०७६/२०७७ (MSNP) | | | | |
|---|---|---|---|---|
| | विवरण (मिथिला नगरपालिका) | संख्या | दर | जम्मा खर्च |
| १ | जोखिमपूर्ण समयमा हातधुने बानि व्यवहारमा प्रवर्धनको लागि अभिमुखिकरण सहित धारा सेट भएको बाल्टिन, नेलकटर, साबुन वितरण प्रत्येक सहभागीलाई । रु.७००।– का दरले एकपटको सहभागी संख्या ५० जनाको खर्च रु. ३५०००। तथा २ दिने तालिम (८ सेसन) सबै बिषयगत शाखावाट तालिम गराउने (गर्भवती तथा सुत्केरी महिलालाई) तालिम रु. ३५१०० का दरले । | १५ | ७०१०० | १०५१५०० |
| २ | करेसाबारी प्रवर्धन का लागि उन्नत तरकारी बिउ वितरण (७५० जना) | ७५० | २३० | १७२५०० |
| ३ | पोषण स्वमंसेवकलाई तलब, संचार, पोशाक, यातायात | १ | २१७,९९६ | २१७,९९६ |
| ४ | पोषण, स्वास्थ्य तथा वाल विवाह सम्बन्धि सडक नाटक (सबै वडामा) | ११ | १९,३६४ | २१३,००४ |
| | MoFAGA | | | १,६५५,००० |
| ५ | सुत्केरीलाई पोषण भत्ता (ल.स.) वा पोषण सामाग्री वितरण | १५०० | १००० | १,५००,००० |
| ६ | वडास्तरीय पो.खा.नि.रा.सहित म.स्वं.से. तथा स्वास्थ्यका कर्मचारी सहितको अन्तकृया | ११ | १५,००० | १,६५,००० |
| ७ | नगर स्तरीय पो.तथा खा.शु.नि. समितिको बैठक तथा अन्तकृया | २ | २७,००० | ५४,००० |
| ८ | गर्भवती, सुत्केरी, कुपोषित बच्चाको तथ्यांक संकलन तथा प्रतिवेदन | ११ | १,३०० | १४,३०० |
| ९ | संयुक्त अनुगमन | २ | ३१,८५० | ६३,७०० |
| १० | पोषण स्वंसेवकलाई थप भत्ता | १२ | ४,००० | ४८,००० |
| | मिथिला न.पा.बाट | | | १,८४५,००० |
| | जम्मा बजेट | | | ३,५००,००० |

**निर्णय नं. ३** :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस मिथिला नगरपालिकाको कार्यपालिका बैठकबाट निर्णय भएका विकास, निर्माण सम्बन्धि, सार्वजानिक हितका विविध निर्णय, वडा स्तरीय विविध निर्णयहरुको जानकारी प्रत्येक वडामा पठाउने सर्वसम्मती बाट निर्णय गरियो ।

**निर्णय नं. ४** :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस मिथिला नगरपालिका वडा नं. ४ मा रहेको रत्न ज्योती युवा क्लबले मेयर कप फूटवल प्रतियोगिता २०७६ आयोजना गर्ने भएको हुँदा उक्त क्लव लाई फूटवल प्रतियोगिता का लागि रु. १,००,००० अक्षरेपी रु एक लाख उपलब्ध गराउने भनी सर्वसम्मती बाट निर्णय गरियो ।

**निर्णय नं. ५** :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरक्षेत्र भित्र भएर बग्ने रातु नदी, जलाद नदी, औरही नदी, जग्धर नदी, बसही नदी र बडहरी नदी हरुबाट बालुवा, गिट्टी, ग्राभेल, ढुगां, रोडा को प्रति क्यु.फिट रु. ६५ का दरले बिक्री कर संकलन ठेक्का बन्दोवस्ती प्रक्रिया पूरा नहुनजेल बढीमा ४५ दिन सम्म अमानत प्रक्रियाबाट कर संकलन गर्ने गराउने भनी सर्वसम्मती बाट निर्णय गरियो ।